# <u>प्रेस विज्ञप्ती</u>

## लुम्बिनी विकास बैंक लिमिटेडको
## <u>एकै दिन थप नयाँ ३ शाखा कार्यालयहरुको उद्घाटन ।</u>






लुम्बिनी विकास बैंक लिमिटेडले देशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यले मिति २०७९ जेष्ठ १२ गते देखि थप **३** शाखाहरुको उद्घाटन गरेको छ। नयाँ खोलिएका शाखाहरुमा **८४औं** शाखाको रुपमा कञ्चनपुर जिल्ला, कृष्णपुर नगरपालिका वडा नं. २ स्थित **बाणी शाखा, ८५औं** शाखाको रुपमा कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं. १ स्थित **लम्की शाखा र ८६औं** शाखाको रुपमा कैलाली जिल्ला गौरीगङ्गा नगरपालिका वडा नं. ७ स्थित **मसुरिया शाखा** रहेका छन् ।
यस विकास बैंकको बाणी शाखाको उद्घाटन विकास बैंकका सञ्चालक श्री चिन्तामणि भट्टराई र कृष्णपुर नगरपालिकाका नवनिर्वाचित नगर प्रमुख श्री हेमराज ओझाले संयुक्त रुपमा गर्नुभयो । त्यस्तै लम्की शाखाको उद्घाटन बैंकका सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसाल, लम्कीचुहा नगरपालिकाका नवनिर्वाचित नगर प्रमुख श्री सुशिला शाही र उद्योग वाणिज्य संघ लम्कीचुहाका निवर्तमान अध्यक्ष श्री पदमराज चौलागाईले संयुक्त रुपमा गर्नुभयो । साथै मसुरिया शाखाको उद्घाटन विकास बैंकका सञ्चालक श्री केशब खतिवडा र गौरीगङ्गा नगरपालिकाका नवनिर्वाचित नगर प्रमुख श्री देविदत्त कँडेलले संयुक्त रुपमा गर्नुभयो ।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको आज थप ३ नयाँ शाखाहरुको उद्घाटन भएसंगै सुदुरपश्चिम प्रदेशमा समेत बैंकको राम्रो उपस्थिती भएको छ । यस लुम्बिनी विकास बैंक लिमिटेडले "*निरन्तर सहयात्रा*" भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरु सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ। ग्राहकहरुलाई अधिकतम प्रतिफल दिने उद्देश्यले बैंकले मुद्दती खातामा "मासिक" रुपमा ब्याज प्रदान गर्ने बिशेष योजना समेत कार्यान्वयनमा ल्याएको छ ।

धन्यवाद !

.........................
पवन ढकाल
बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत